# नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७६

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग

२०७६

# नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७६

नेपाल राष्ट्र बैंकबाट उपलब्ध गराइने पुनरकर्जा सुविधालाई थप व्यवस्थित र प्रभावकारी बनाउने अभिप्रायले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी देहायको कार्यविधि बनाइएको छ ।

१. **यो कार्यविधिको नाम "नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७६"** रहेको छ । यो कार्यविधि २०७६/१०/०१ देखि लागू हुनेछ ।

२. **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) **'पुनरकर्जा'** भन्नाले तोकिएका क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको असल कर्जाको धितोमा नेपाल राष्ट्र बैंकबाट उपलब्ध गराइने कर्जा सम्झनु पर्दछ ।

(ख) **'असल कर्जा'** भन्नाले नेपाल राष्ट्र बैंकबाट कर्जा बर्गीकरण सम्बन्धी जारी निर्देशन बमोजिमको असल कर्जा सम्झनु पर्दछ ।

(ग) **'बैंक'** भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्दछ ।

(घ) **'ब्याज अनुदान कार्यविधि'** भन्नाले नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ सम्झनु पर्दछ ।

(ङ) **'नियमन समिति'** भन्नाले बैंकको नियमन विभाग हेर्ने डेपुटी गभर्नरको संयोजकत्वमा, डेपुटी गभर्नर तथा तोकिएका विभागका कार्यकारी निर्देशक र निर्देशकहरु सदस्य रहने गरी गठन भएको समिति सम्झनु पर्दछ ।

३. **पुनरकर्जाको बर्गीकरण**

पुनरकर्जा समय समयमा नेपाल सरकार वा बैंकले तोके बमोजिम विभिन्न शीर्षकमा बर्गीकरण हुनेछ ।

४. **पुनरकर्जाको ब्याजदर**

(क) बैंकवाट प्रदान गरिने विभिन्न प्रकारका पुनरकर्जाहरुमा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले तिर्नुपर्ने ब्याजदर र सम्बन्धित ग्राहक ऋणीहरुबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले लिने ब्याजदर समय समयमा बैंकले तोके बमोजिम हुनेछ ।

(ख) पुनरकर्जाको ब्याजदरमा कुनै हेरफेर गर्नुपरे नियमन समितिको सिफारिशमा बैंकको संञ्चालक समितिले तोके बमोजिम हुनेछ र तोकिएको पछिल्लो दर स्वतः लागु हुनेछ ।

५. **पुनरकर्जा कोषको सीमा**

पुनरकर्जा प्रदान गर्ने कोषको सीमा बैंकको संञ्चालक समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ । उक्त सीमाभित्र रही प्राथमिकताको आधारमा पुनरकर्जा प्रदान गर्नु पर्नेछ ।

## ६. पुनरकर्जाको अवधि

यस कार्यविधि बमोजिम प्रदान गरिने पुनरकर्जाको अवधि पुनरकर्जा प्रदान गर्दाको बखत तोकिने छ र यस्तो पुनरकर्जाको अवधि नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार बढीमा एक वर्षको हुनेछ ।

## ७. पुनरकर्जाका लागि आवेदन दिँदा संलग्न गर्नुपर्ने कागजात तथा विवरण

१. इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाले पुनरकर्जा सुविधा प्राप्त गर्नका लागि ग्राहक ऋणी सम्बन्धी देहाय बमोजिमका कागजात संलग्न गरी बैंक तथा वित्तीय संस्था नियमन विभाग वा बैंकको प्रदेशस्थित कार्यालयमा आवेदन पेश गर्नु पर्नेछ ।

(क) ग्राहक ऋणीले पुनरकर्जा सुविधाको लागि पेश गरेको निवेदन,

(ख) कम्पनी दर्ताको प्रमाण-पत्र,

(ग) प्यान (PAN) दर्ता प्रमाण पत्र,

(घ) प्रबन्धपत्र, नियमावली,

(ङ) कम्पनीको लेखापरीक्षण गरिएको पछिल्लो आर्थिक वर्षको वित्तीय विवरण,

(च) पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र । आर्थिक बर्ष समाप्त भएको ६ महिनासम्म आवेदन दिदा गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र स्वीकार गर्न सकिने छ ।

(छ) कम्पनी सम्बन्धी कर्जा सुचना केन्द्रको विवरण,

(ज) कायम ब्याजदर देखिने System Generated Customer Liability Report,

(झ) निर्यात सम्बन्धी कागजात (निर्यात पुनरकर्जाको हकमा)

(१) निर्यातको लागि खरिदकर्तासंग भएको करार वा सम्झौता वा purchase order सम्बन्धी कागजात ।

(२) विगतमा भएको निर्यात र बिदेशी मुद्रा आर्जन भएको पुष्टि हुने कागजात ।

(३) निर्यात व्यवसाय पुष्टि हुने अन्य कागजात ।

(ञ) ग्राहक ऋणीले यस भन्दा अगाडि उपयोग गरेको पुनरकर्जा सुविधाको रकम तथा अवधि सम्बन्धी विवरण (अनुसुची ३ बमोजिम) ।

(ट) ग्राहक ऋणी वा समुहले अन्य इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था मार्फत पुनरकर्जा सुविधा उपयोग नगरेको सम्बन्धमा ग्राहक ऋणीको स्वघोषणा ।

(ठ) रोजगारी सृजना, विदेशी मुद्रा आर्जन लगायत अर्थतन्त्रमा पुऱ्याएको योगदान सहितको कम्पनीको संक्षिप्त विवरण ।

(ड) व्यवसाय/कारोबार/परियाजनाको प्रकृति/किसिम अनुसार अन्य आवश्यक कागजात ।

२. इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले पुनरकर्जाको आवेदन पेश गर्दा ग्राहक ऋणीको कर्जा वर्गीकरण, कर्जा प्रवाह मिति, कर्जा भुक्तान मिति र कर्जाको ब्याजदर स्पष्ट

रुपमा खुलाउनुको अतिरिक्त कुन प्रकारको पुनरकर्जाको लागि आवेदन पेश गरेको हो सो स्पष्ट किटान गर्नुपर्ने छ। (अनुसुची ४ बमोजिम)

३. इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले पुनरकर्जाको आवेदन पेश गर्दा कुन ग्राहक ऋणीलाई कस्तो पुनरकर्जा माग गर्ने हो सो सम्बन्धी सञ्चालक समितिको निर्णय तथा पुनरकर्जा उपलब्ध गराउने सम्बन्धमा अख्तियारी प्रदान गरिएको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।

तर, रु. २५ करोड भन्दा कमको पुनरकर्जाको हकमा संचालक समितिको निर्णय अनिवार्य हुने छैन।

४. इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले पुनरकर्जा माग गर्दा सामान्यतया सबै प्रदेशका ग्राहक ऋणीलाई समेटिने गरी माग गर्नु पर्नेछ।

५. इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाले पुनरकर्जाको लागि आवेदन दिँदा पुनरकर्जाको लागि तोकिएको क्षेत्रभित्र रहेर मात्र आवेदन दिनु पर्नेछ।

६. धितोको रुपमा प्रयोग हुने असल कर्जावाला ग्राहक ऋणीलाई ब्याजदरको कारणबाट सहुलियत प्राप्त हुने हुँदा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले पुनरकर्जाको आवेदन दिँदा सिमित ग्राहकलाई मात्र सहुलियत प्राप्त हुने गरी पुनरकर्जा माग गर्न पाइने छैन।

## ८. पुनरकर्जा मुल्याङ्कनका आधारहरु:

१. बैंक तथा वित्तीय संस्था नियमन विभागले पुनरकर्जा माग गर्ने इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुसंग आवश्यकतानुसार निम्न विषयहरु पुष्टि हुने कागजात माग गरी पुनरकर्जा स्वीकृतिको लागि प्रस्ताव पेश गर्नु पर्नेछ :-

(क) पुनरकर्जाको लागि पेश गरिएको धितो असल कर्जा भए/नभएको।

(ख) ग्राहक ऋणीको सम्पूर्ण वित्तीय विवरण लगायत कागजात पेश भए/नभएको।

(ग) ग्राहक ऋणीले पुनरकर्जा प्राप्त गर्न पेश गरेको पछिल्लो आर्थिक वर्षको वित्तीय विवरण र सम्बन्धित कर कार्यालयमा पेश गरेको विवरण मेल खाए/नखाएको।

(घ) ग्राहक ऋणीको कर्जामा ऋण स्वःलगानी अनुपात (Debt to equity ratio) न्युनतम ८०:२० रहे /नरहेको।

(ङ) ग्राहक ऋणीको व्यवसाय/कारोबार/परियोजना अर्थतन्त्रमा योगदान पुऱ्याउने तथा समग्र रुपमा औचित्यपूर्ण भए/नभएको।

(च) ग्राहक ऋणीको व्यवसाय/कारोबार/परियोजनाको वित्तीय अवस्थानुसार पुनरकर्जाको व्याजदरबाट प्राप्त हुने सहुलियत प्रदान गर्न उचित भए/नभएको।

(छ) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था तथा ग्राहक ऋणीको हकमा तोकिएका अन्य शर्त पालना भए/नभएको।

## ९. पुनरकर्जा प्रदान गर्ने प्रक्रिया

(क) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले यस कार्यविधिको बुँदा नं. ७ मा उल्लेखित कागजात सहित बैंक तथा वित्तीय संस्था नियमन विभाग वा प्रदेशस्थित बैंकका कार्यालयमा पुनरकर्जाको लागि आवेदन दिनु पर्नेछ ।

(ख) प्रदेशस्थित बैंकका कार्यालयहरुले पुनरकर्जाका लागि प्राप्त आवेदन चेक लिष्ट बमोजिम संकलन गरी बैंक तथा वित्तीय संस्था नियमन विभागमा पठाउनु पर्नेछ ।

(ग) पुनरकर्जाको लागि प्राप्त आवेदन तथा कागजातको आधारमा बैंक तथा वित्तीय संस्था नियमन विभागले देहायका विषयलाई दृष्टिगत गरी पुनरकर्जाको आवेदनलाई प्राथमिकता निर्धारण गरी छनौट तथा कर्जाको अवधि तय गर्नु पर्नेछ :-

१. राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्र

२. ग्राहक ऋणीको व्यवसाय/परियोजना रहेको भौगोलिक क्षेत्र

३. व्यवसाय/परियोजनाबाट अर्थतन्त्र र रोजगारीमा पुग्न सक्ने योगदान

४. स्थापनाकाल तथा मुनाफाको स्थिति

५. उद्यमी तथा उद्यमशिलतामा हुने विकास

६. ऋणीको वित्तीय अवस्थानुसार सहुलियतको आवश्यकता

(घ) प्राप्त सम्पूर्ण कागजात संलग्न गरी बैंक तथा वित्तीय संस्था नियमन विभागले विभागीय बिबेचना सहित पुनरकर्जा स्वीकृतिको लागि प्रस्ताव पेश गर्नुपर्ने छ । बैंक तथा वित्तीय संस्था नियमन विभागले प्रस्ताव तयार गर्ने क्रममा आवश्यकता अनुसार सम्बन्धित सुपरिवेक्षण विभागबाट राय लिन सक्ने छ ।

(ङ) प्रस्ताव स्वीकृत भईसकेपछि सम्बन्धित इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको खातामा स्वीकृत भएको रकम जम्मा गरिदिने प्रयोजनको लागि अनूसुची-१ बमोजिमको पत्र बैंक तथा वित्तीय संस्था नियमन विभागले बैंकिङ्ग कार्यालयलाई प्रेषित गर्नेछ । सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई, आवेदन पठाउने प्रदेशस्थित बैंकको कार्यालयलाई र तोकिए बमोजिम ब्याजदर कायम गरे नगरेको यकिन गर्न सम्बन्धित सुपरिवेक्षण विभागलाई समेत आवश्यक कार्यार्थ सो पत्रको प्रतिलिपि प्रदान गर्नुपर्ने छ ।

(च) बैंक तथा वित्तीय संस्था नियमन विभागको पत्रको आधारमा अनुसुची-२ बमोजिमको ढाँचामा सम्बन्धित इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले बैंकिङ्ग कार्यालयमा तमसुक गरिदिनु पर्नेछ । सो पश्चात उक्त कार्यालयले पुनरकर्जा कोषमा खर्च जनाई सम्बन्धित इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको खातामा रकम जम्मा गरिदिने व्यवस्था गर्नेछ ।

(छ) सम्बन्धित इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले पुर्व निर्धारित अवधि समाप्त भएको मितिमा साँवा र ब्याज सहित पुनरकर्जा रकमको भुक्तानी गर्नुपर्ने छ ।

## १०. पुनरकर्जा नवीकरण सम्बन्धी व्यवस्था

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ (३) ले तोके बमोजिम थप एक वर्षका लागि नवीकरण गर्न सकिने छ। नवीकरणको लागि देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ।

(क) पुनरकर्जा नवीकरणका लागि इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था मार्फत आवेदन पेश गर्नु पर्नेछ।

(ख) एक पटक लिएको पुनरकर्जा चुक्ता गरिसकेपछि मात्र नवीकरणको लागि माग गर्न सकिनेछ।

(ग) कार्यबिधिको बुँदा नं. ७, ८ र ९ मा भएका प्रक्रिया पुरा हुनु पर्नेछ।

## ११. पुनरकर्जा सम्बन्धी विविध व्यवस्थाहरु

(क) असल कर्जाको धितोमा मात्र पुनरकर्जा सुविधा प्रदान गरिने छ।

(ख) अधिविकर्ष, हायर पर्चेज तथा अन्य चालुपुँजी प्रकृतिका कर्जाको धितोमा साधारण पुनरकर्जा प्रदान गरिने छैन। तर, निर्यात पुनरकर्जाको हकमा चालु पुँजी प्रकृतिका कर्जाको धितोमा पुनरकर्जा प्रदान गर्न बाधा पुगेको मानिने छैन।

(ग) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको प्राथमिक पुँजीको अधिकतम २५ प्रतिशतसम्म मात्र पुनरकर्जा प्रदान गरिने छ।

(घ) ऋणीले चाहेमा तोकिएको भुक्तानी अवधि भन्दा अघि पुनरकर्जा रकम चुक्ता गर्न सक्नेछ।

(ङ) पुनरकर्जा सुविधा प्राप्त गरिरहेका इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले पुनरकर्जाको मासिक विवरण महिना समाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ। (अनुसुची ५ बमोजिम)

(च) पुनरकर्जाको आवेदन दिँदा ग्राहक ऋणीबाट यस अघि उपयोग गरेको पुनरकर्जाको विवरण अनुसुची ३ बमोजिम पेश गर्नुपर्ने छ। प्रथम पटक पुनरकर्जाको लागि आवेदन दिँदा ग्राहक ऋणीले यस अघि पुनरकर्जा सुविधा उपयोग नगरेको स्वघोषणा गर्नु पर्नेछ।

(छ) कुनै पनि ग्राहक ऋणी वा समुहले एक पटकमा एक भन्दा बढी इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामार्फत पुनरकर्जा सुविधा उपयोग गर्न पाउने छैनन्।

तर, सहवित्तीयकरण कर्जाको हकमा एक भन्दा बढी इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था मार्फत पुनरकर्जा लिन यस व्यवस्थाले बाधा पुगको मानिने छैन र यस्तो आवेदन Lead Bank मार्फत पेश गर्नु पर्नेछ।

(ज) कुनै एक ग्राहक ऋणीको असल कर्जाको धितोमा प्रदान हुने पुनरकर्जाको उच्चतम सीमा रु. ५० करोड हुनेछ। तर, सहवित्तीयकरण कर्जाको हकमा यो सीमा लागु हुने छैन।

(झ) पुनरकर्जा सुविधाका लागि आवेदन दिने र यस्तो सुविधा उपयोग गर्ने ग्राहक ऋणीको कारोबार/व्यवसाय/परियोजनाको बैंकबाट आवश्यकता अनुसार स्थलगत वा गैर-स्थलगत निरीक्षण गर्न सकिने छ।

(ञ) ब्याज अनुदान कार्यविधि मार्फत ब्याज अनुदान सुविधा उपयोग गरिरहेका ग्राहक ऋणीको कर्जाको धितोमा पुनरकर्जा सुविधाको लागि आवेदन दिन पाइने छैन।

(ट) साधारण पुनरकर्जा प्रदान गर्दा नयाँ व्यवसाय/उद्यमी, युवा, महिला तथा दलित समुदायका उद्यमी, साना तथा मझौला उद्योग/व्यवसाय, पर्यटन तथा निर्यातजन्य उद्योग, पिछडिएको क्षेत्र र दुर्गम क्षेत्रमा स्थापित व्यवसाय/परियोजनाको आकार, मुनाफाको स्तर, अर्थतन्त्रमा गरेको योगदान, रोजगारी, कर भुक्तानीको अवस्था, पुनरकर्जा प्रदान गर्दा पुनरकर्जा सुविधाबाट उद्योग व्यवसाय विस्तारमा पुग्ने योगदान समेतको आधारमा प्राथमिकीकरण गरिने छ ।

(ठ) पुनरकर्जा प्राप्त गर्न धितो राखिएका असल कर्जावाला ग्राहक ऋणीहरुको नामावली सम्बन्धित इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले प्रत्येक त्रयमास समाप्त भएको सात दिन भित्र आफ्नो वेबसाइट मार्फत प्रकाशन गर्नुपर्ने छ । यस्तो विवरण सरोकारवालाहरुको जानकारीका लागि बैंकले आफ्नो वेबसाइटमा प्रकाशन गर्नेछ ।

(ड) पुनरकर्जा सुविधाबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको अतिरिक्त ग्राहक ऋणी समेत व्याजमा प्राप्त सहुलियतबाट लाभान्वित हुने भएकाले ग्राहकहरुको अनुरोध प्राप्त भएमा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरु (पुनरकर्जा प्राप्त गर्न योग्य) ले पुनरकर्जाको लागि आवेदन पेश गर्नु पर्नेछ ।

(ढ) पुनरकर्जा सम्बन्धी माग गर्दा धितोको लागी पेश गरिएको असल कर्जाको सम्बन्धित ग्राहक ऋणीको व्यवसाय, परियोजना, कारोबार, वित्तीय विवरण लगायतका विषय चित्त बुझ्दो नभएमा वा जुनसुकै कारणले पुनरकर्जा प्रदान गर्न इन्कार गर्न सक्ने अधिकार बैंकमा निहित रहनेछ ।

## १२. दण्ड, जरिवाना

(क) पूर्व निर्धारित मितिमा पुनरकर्जा रकमको सावाँ/ब्याज असुल उपर हुन नसकेमा थप तीन प्रतिशतको पेनाल ब्याजदर सहित सम्बन्धित बैंक तथा वित्तीय संस्थाको बैकिङ्ग कार्यालय स्थित खाता खर्च (Debit) गरी रकम असुल उपर गरिने छ । यस्ता बैंक तथा वित्तीय संस्थाले जरिवाना तिरेको मितिले छ महिनासम्म पुनरकर्जाको लागि आवेदन दिन योग्य हुने छैनन् ।

(ख) झुठ्ठा विवरण पेश गरी पुनरकर्जा माग गरेमा/प्राप्त गरेमा त्यस्तो पुनरकर्जा प्राप्त गर्ने इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको पुनरकर्जा माग गर्ने अधिकारी (संचालक समिति समेत) लाई नेपाल राष्ट्र बैंक ऐन २०५८ बमोजिमको कारवाही गरिने छ ।

**१३. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि अनुसार कार्य सम्पादन गर्दा कुनै बाधा अड्चन आएमा गभर्नरले फुकाउन सक्नेछ ।

**१४. बचाउः** यो कार्यविधि लागू हुनुभन्दा पहिला भएका पुनरकर्जा सम्बन्धी काम कार्यवाही यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

***

## अनुसूची १

## पत्रको नमूना

**पत्र संख्या : ..............................** **मितिः २०../../..**

**श्री नेपाल राष्ट्र बैंक**
**बैंकिङ्ग कार्यालय**
**बालुवाटार, काठमाडौं ।**

**विषयः (पुनरकर्जाको प्रकार) सुविधा स्वीकृत गरिएको सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा ............(बैंक तथा वित्तीय संस्थाको नाम) यस बैंकको नीतिगत व्यवस्था बमोजिम देहायका ग्राहक ऋणी कम्पनीहरुको नाममा देहाय बमोजिमको अवधिका लागि जम्मा रु. ............ .......... (अक्षरेपी ...................................................... मात्र) साधारण पुनरकर्जा सुविधा उपलब्ध गराउने तथा निम्न शर्तहरुको अधीनमा रहने गरी उक्त रकम नियमानुसार तमसुक गराई त्यस कार्यालयमा रहेको उक्त बैंकको खातामा जम्मा गर्ने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध गर्दछु ।

| क्र.सं | ग्राहक ऋणी कम्पनीको नाम | कर्जा शीर्षक | कर्जा रकम रु. | अवधि |
|---|---|---|---|---|
| १. | | | | |
| **जम्मा** | | | | |

भवदीय,

दस्तखत
(नाम ......)
(पद .......... )

**कार्यार्थः**
**श्री बैंक तथा वित्तीय संस्थाको नाम**
**केन्द्रीय कार्यालय ।**
**(ठेगाना)**

विद्यमान नीतिगत व्यवस्था, प्रचलित कानून एवं देहाय बमोजिमका शर्तहरुको अधीनमा रहने गरी ...........अवधिको लागि जम्मा रु. ............ ..........(अक्षरेपी ........................................ मात्र) साधारण पुनरकर्जा सुविधा स्वीकृत भएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

**शर्तहरु**

(टिप्पणी बमोजिम)

**बोधार्थ :**
**श्री नेपाल राष्ट्र बैंक**
**सम्बन्धित सुपरिवेक्षण विभाग ।**

पुनरकर्जाका अन्य शर्तहरुका अतिरिक्त ............(बैंक तथा वित्तीय संस्थाको नाम) ले उपरोक्तानुसारको साधारण पुनरकर्जा उपयोग गर्दा ग्राहक ऋणीहरुलाई तोकिए बमोजिम व्याज दर कायम गरे/नगरेको सम्वन्धमा अनुगमन गर्ने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध गर्दछु ।

# अनुसूची २
## पुनरकर्जा तमसुकको नमूना

लिखितम धनीका नाम का.जि. का.म.न.पा. ... ... ... ... ... स्थित नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय आगे सो रकम ऋृण लिने ऋृणीको नाम ........, केन्द्रीय कार्यालय रहेको................ बैंक/वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकबाट पुनरकर्जा प्रदान गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ ले गरेको व्यवस्था अन्तर्गत नेपाल राष्ट्र बैंकसँग आजका मितिमा रु. ............ ..........(अक्षरेपी ................................................ ............. मात्र) कर्जा लिएको ठीक साँचो हो । उक्त कर्जा लिएको रकम बापत ऋृणीले आफ्नो निम्न बमोजिमको ग्राहक ऋृणीलाई प्रवाह गरेको कर्जा मध्ये संलग्न विवरण अनुसारको कर्जा र पुनरकर्जाको लागि यस बैंकलाई लेखिदिएको तमसुक पुनरकर्जा सुविधाको लागि धितो सुरक्षणको रुपमा राखिदिएका छौं । तपसिल बमोजिमको धितो सुरक्षणमा राखिएको कर्जाको विवरण तथा शर्तहरु र यस सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी विद्यमान नीतिगत व्यवस्था तथा नेपाल राष्ट्र बैंकले समय समयमा तोकेको शर्त/मापदण्ड पालना गर्नेछौं । शर्तहरु पालना नगरेमा उक्त धितो तथा ऋृणी बैंकको अन्य चल-अचल सम्पत्ति समेतबाट उक्त रकम असुल गरी लिनु भनी बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय/सहमति समेत रहेकोले नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय, बालुवाटार, काठमाडौंमा बसी यो तमसुक लेखी धनी नेपाल राष्ट्र बैंकमा चढायौं ।

तपसिल

**क. धितोको विवरण**

| परियोजनाको नाम | धितो सुरक्षणमा राखिएको कर्जाको विवरण | नेपाल राष्ट्र बैंकबाट प्राप्त पुनरकर्जा |
|---|---|---|
| | | |

**ख. शर्तहरुः**

१. ... ... ... ... अवधिका लागि मात्र यो पुनरकर्जा सुविधा प्रदान गरिएको छ ।

२. पुनरकर्जा बापत धनी बैंकलाई वार्षिक सयकडा ..... प्रतिशतका दरले ब्याजसहित एकमुष्ट रुपमा साँवा ब्याज बुझाउनु पर्नेछ ।

३. पुनरकर्जा माग गर्दा सम्बन्धित बैंकले कर्जामा लिएको ब्याजदर यस बैंकले तोकेको ब्याजदरमा बढीमा ... प्रतिशतसम्म थप ब्याज कायम गर्न सक्नेछ ।

४. निर्धारित समयभित्र पुनरकर्जा भुक्तान नगरेमा ३ प्रतिशत पेनाल ब्याजदर लाग्ने छ । नेपाल राष्ट्र बैंकले ऋृणी बैंक वा वित्तीय संस्थाको खाता खर्च (Debit) गरी रकम असुल उपर गर्न सक्नेछ ।

५. पुनरकर्जा उपभोग गरेका बैंक तथा वित्तीय संस्थाहरुले साँवा/ब्याज भुक्तानी म्याद समाप्त भएको दिन सो रकम भुक्तानी नगरेमा नेपाल राष्ट्र बैंकस्थित सम्बन्धित संस्थाको जुनसुकै खाता खर्च लेखी कर्जा असुलउपर गरि लिन र सो को खर्च गर्ने अख्तियारी नेपाल राष्ट्र बैंकलाई रहने छ । यसमा पछि कुनै उजुरी वा दावी गरिने छैन ।

६. धितोको रुपमा नेपाल राष्ट्र बैंकलाई दिइएको तमसुकमा उल्लिखित कर्जाको जोखिम लगायत सबै जिम्मेवारी सम्बन्धित बैंक/वित्तीय संस्थाकै हुनेछ ।

७. ऋणी बैंकले धितो स्वरुप राखेको तमसुकमा उल्लेख भएको ग्राहकको चल-अचल माल बस्तु र नेपाल राष्ट्र बैंकबाट कर्जा लिई लगानी गरेको उद्योग तथा व्यवसाय समेतको नेपाल राष्ट्र बैंकले जुनसुकै बखत निरीक्षण गर्दा उपलब्ध गराउनु पर्नेछ ।

८. नेपाल राष्ट्र बैंकले प्रदान गरेको पुनरकर्जा सुविधाको सम्बन्धमा समय समयमा मागेको विवरण तोकिएको बखत म्यादभित्र ऋणी बैंकले उपलब्ध गराउनु पर्नेछ ।

९. धितो सुरक्षणमा लिइएको सुरक्षणमा पहिलो दावी (First Charge) नेपाल राष्ट्र बैंकको हुनेछ ।

१०. ऋण प्रयोग सम्बन्धमा यसैसाथ संलग्न नीतिगत शर्त तथा मापदण्डहरु पालना गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । सो बमोजिम नगरेमा प्रचलित नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार सजाय भएमा मञ्जुरी छ ।

११. शर्त र मापदण्डमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकले परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

| | |
|---|---|
| नेपाल राष्ट्र बैंकको तर्फबाट अख्तियारप्राप्त व्यक्ति | .........बैंक/वित्तीय संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्ति |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : छाप: | पद : छाप : |
| विभाग/कार्यालय : | विभाग/कार्यालय: |

इति सम्बत् ........ साल ............ महिना .......गते रोज ....... शुभम् ।

अनुसुची ३

## पुनरकर्जा उपयोगको विवरण

**ऋणीको नाम: ………………………………**

| क. स | पुनरकर्जा प्राप्त बैंक | पुनरकर्जा प्राप्त मिति | पुनरकर्जा भुक्तानी मिति | रकम रु. | पुनरकर्जाको किसिम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसुची ४

## कर्जाको विवरण

| क्र. स | ऋणीको नाम | कर्जा शीर्षक | कर्जा प्रवाह मिति | भुक्तानी मिति | कर्जा वर्गीकरण | कर्जा रकम रु. | सुरक्षणको विवरण |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

माथि उल्लिखित विवरणहरु ठीक साँचो हो, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला । कथंकदाचित धितोमा राखेको असल कर्जाहरु निष्क्रिय कर्जामा परिणत भए सो को जानकारी नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराई सो को सट्टामा अर्को असल कर्जा सुरक्षणस्वरुप उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

... ... ... ... ... ... ... **बैंक/वित्तीय संस्थाको तर्फबाट**

**दस्तखतः** ... ... ...

**नामः** ... ... ... ... ... ... ... ...

**पदः** ... ... ... ... ... ...

**छापः** ... ...

**विभाग/कार्यालयः** ... ...

## अनुसुची ५

नेपाल राष्ट्र बैंक
… … … … … … सुपरिवेक्षण विभाग
काठमाडौं ।

मिति … .. …

## पुनरकर्जाको मासिक विवरण

**कर्जाको विवरण**

| क्र. स | ऋणीको नाम | कर्जा शीर्षक | कर्जा प्रवाह मिति | कर्जा भाखा नाघ्ने मिति | कर्जाको बक्यौता | पुनरकर्जाको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | लिएको मिति | रकम रु. | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र पेश गर्ने ।**

**… … … … … … … बैंक/वित्तीय संस्थाको तर्फबाट**

**दस्तखतः** … … …

**नामः** … … … … … … … …

**पदः** … … … … … …

**छापः** … …

**विभाग/कार्यालयः** … …